# बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम–नेपाल)
# मासिक कार्यसम्पादन पत्र

महिना : अक्टोबर २०२५ वर्ष :४ अकं : १०


## १. कन्सोर्टियम नेपालको सामाजिक परिक्षण सम्पन्न :




१७ अक्टोबर २०२५ : कन्सोर्टियम नेपालको सामाजिक परिक्षण सम्पन्न भएको छ । बानेश्वर अल्फा हाउसमा आयोजित उक्त कार्यक्रममा विभिन्न संस्थाहरुबाट ५२ जनाको उपस्थिति रहेको थियो । कार्यक्रमको प्रमुख अतिथिको रुपमा राष्ट्रिय बाल अधिकार परिषद्का सदस्य सचिव ईन्द्रादेवी ढकालको उपस्थिति रहेको थियो भने आतिथ्यताको रुपमा गैर सरकारी संस्था महासंघ नेपालका अध्यक्ष अर्जुन भट्टराई, राष्ट्रिय बाल पैरवी परिषद्बाट रञ्जिता थापा लगाएतको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन कन्सोर्टियम नेपालको महासचिव अनिता पाण्डेले गर्नुभएको थियो भने स्वागत मन्तव्य उपाध्यक्ष प्रदिप कुमार लामिछानेले गर्नुभएको थियो ।

कार्यक्रममा कन्सोर्टियम नेपालले वर्ष भरि आयोजना गरेका विभिन्न अभियानहरुको विषयमा कार्यक्रम संयोजक गौरब के.सीले चर्चा गरेका थिए। कन्सोर्टियम नेपालका अभियानहरु जसमा विश्वव्यापी आवधिक समिक्षा (चौथो चक्र) मा बालबालिकाको नेतृत्वमा प्रतिवेदन पेश, राष्ट्रिय सभा अन्तर्गत विधायन व्यवस्थापन समितिसँगको सहकार्यमा बाल बालिका सम्बन्धि ऐन २०७५ मा रहेको बाल सहभागिताको कार्यान्वयन मापनको अध्ययन, गैर सरकारी संस्था महासंघ नेपाल सँगको सहकार्यमा बालबालिकाको सिभिक स्पेस सम्बन्धी अवधारणा पत्रको निमार्ण, बाल मानव अधिकार रक्षकहरुको राष्ट्रिय भेला - यसको प्रभावकारी कार्यान्वयनका लागि २५ बुदे घोषणा पत्र जारी जस्ता कार्यक्रमहरुले महत्वपूर्ण स्थान प्राप्त गरेका थिए

पहिलो सत्र पश्चात खुल्ला छलफलको सहजिकरण रविन नेपालीले गर्नुभएको थियो । उक्त छलफलमा उपस्थित संस्थाका प्रतिनिधिहरुले कन्सोर्टियम नेपालले सञ्चालनगरेका गतिविधिहरु प्रभावकारी रहेको बाताएका थिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथिज्यूले कन्सोर्टियम नेपालले आयोजना गरेका अभियानहरुको खुलेर प्रशंसा गर्नुभयो । अतिथि अजुन भट्टराईले गैर सरकारी संस्था महासंघ नेपाल र कन्सोर्टियम नेपालबीचको सहकार्यले बालबालिकाको सिभिक स्पेशमा महत्वपूर्ण काम गरेको स्मरण गर्नुभयो । कमर्यक्रमको अन्त्यमा धन्यवाद मन्तव्य सँगै आफ्ना भनाईहरु राख्दै अध्यक्ष सन्तोष महर्जनले सभा विषर्जन गर्नुभएको थियो ।

## २. बालबालिकाको नेतृत्वमा तयार भएको विश्वव्यापि आवधिक समिक्षा प्रतिवेदन नेपाल स्थित विभिन्न दुतावासमा हस्तान्तरण:

नेपालको बाल अधिकार र प्रवर्द्धनका सम्बन्धमा बालबालिकाहरुको नेतृत्वा तयार भएको विश्वव्यापी आवधिक समिक्षा (Universal Periodic Review– UPR) प्रतिवेदन २०२५ नेपालस्थित विभिन्न दूतावासमा हस्तान्तरण गरिएको छ । उक्त



कन्सोर्टियम–नेपाल, बूद्धनगर, काठमाडौं
०१–४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

प्रतिवेदन नेपालका विविध समुदाय र पृष्ठभूमिबाट आएका बालबालिकाहरुको सक्रिय सहभागितामा तयार गरिएको हो, जसमा शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता,



बालश्रम, अनलाइन सुरक्षा, बालविवाह, जलवायु परिवर्तनका कारण बालबालिकामा परेको असर लगायतका मुद्दाहरु समेटिएका छन् ।

प्रतिवेदन हस्तान्तरणको उद्देश्य विभिन्न देशका दूतावास तथा प्रतिनिधिहरूले नेपालको बाल अधिकार सम्बन्धी अवस्थाबारे थप जानकारी लिनुका साथै आगामी UPR सत्रहरूमा नेपाल सरकारलाई प्रभावकारी सुझाव र सिफारिस गर्न भूमिका खेल्न सकून् भन्ने रहेको थियो ।



यस क्रममा प्रतिवेदन लेखन समुहका बालबालिकाहरुले नर्वे र फिनयान्डका महामहिम राजदूतलाई औपचारिक रूपमा प्रतिवेदन हस्तान्तरण गरिएको थियो । बालबालिकाहरुले दुवै राजदूतसँग नेपालको बाल अधिकारको अवस्था र प्रतिवेदनमा उठाइएका मुद्दाहरुबारे चर्चा गर्दै, अन्तर्राष्ट्रिय समुदायले नेपालमा बाल अधिकार प्रवर्द्धनमा थप भूमिका खेल्नुपर्ने आवश्यकता औँल्याएका थिए । दूतावास प्रतिनिधिहरुले बालबालिकाको नेतृत्वमा तयार भएको प्रतिवेदनले नेपालमा बाल अधिकार प्रवर्धनमा सकारात्मक योगदान पुर्याउने विश्वास व्यक्त गर्दै आगामी UPR समीक्षामा उठाइएका विषयलाई सम्बोधन गर्न प्रतिबद्धता व्यक्त गर्नुभयो ।

### ३. तारक धितालाई बाल सहभागिता सम्मान २०८२ बाट अभिनन्दन :



कन्सोर्टियम नेपालबाट यस वर्षको राष्ट्रिय बालसहभागिता सम्मान बाल अधिकार अभियन्ता तारक धितालालाई प्रदान गरिएको छ । लगभग पैंतिस वर्ष यता अनवरत रूपमा उहाँले नेपालको बालअधिकार विशेषत: बालसहभागिता अभियानको प्रवर्द्धनमा पुऱ्याउनु भएको योगदान आफैंमा विशिष्ठ र महत्वपूर्ण रहेको छ ।

बालसहभागिता प्रवर्द्धनका लागि वहाँले सदैव एक जिम्मेवार र नेतृत्वदायी नागरिक अभियन्ताको भूमिका खेल्दै आउनु भएको छ । उहाँले कन्सोटियम नेपालको संस्थापक सदस्य संस्था सिविन-नेपालमा लामो समय नेतृत्व तहमा रहेर संस्थागत जिम्मेवारी पूरा गर्दै नेपालको सिंगो बालअधिकार अभियान भित्र बालसहभागितासम्बन्धी अवधारणात्मक स्पष्टता ल्याउन महत्वपूर्ण योगदान


कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

पुऱ्याउनु भएको थियो । नागरिक समाजका सुपरिचित अगुवाका रूपमा मात्र होइन उहाँले तत्कालीन केन्द्रीय बाल कल्याण समितिको कार्यकारी निर्देशकको भूमिकामा रहेर नेपाल सरकारको बालअधिकारसम्बन्धी नीतिगत सुधार र योजना निर्माणमा पनि उत्तिकै भूमिका खेल्नुभएको थियो ।

उहाँलाई बाल सहभागिताको क्षेत्रमा अग्रणी सोच, समर्पण र निरन्तर योगदानको कदर र उच्च सम्मान स्वरूप कन्सोर्टियम नेपालले आफ्नो २६औं साधारण सभा एवं ११ औं अधिवेशनको अवसरमा राष्ट्रिय बालसहभागिता सम्मान २०८२ प्रदान गरिएको हो ।

### ४. कन्सोर्टियम नेपालको उत्कृष्ट प्रदेश समितिमा बागमती प्रदेश :

बागमती प्रदेश समिति कन्सोर्टियम नेपालको उत्कृष्ट प्रदेश समिति घोषित भएको छ । यस सञ्जालले प्रादेशिक समितिहरुको नीतिगत व्यवस्था गर्दै प्रदेश समितिहरुको गठन एवं कियाशिलतालाई अगाडि बढाउँदै आएको थियो । यसै सन्दर्भमा, कन्सोर्टियम नेपालले विगतका वर्षदेखि प्रदेशमा बाल सहभागिताको अभियानलाई संस्थागत गर्दै सदस्य संस्थाहरुको साथमा प्रदेश देखि स्थानीय तहसम्म पुगि बाल सहभागिताको क्षेत्रमा अनवरत रुपमा लागिरहने प्रदेश समितिलाई प्रोत्साहन स्वरुप उत्कृष्ट प्रदेश समिति पुरस्कारवाट सम्मान गर्दै आएको छ ।

यस वर्ष कन्सोर्टियम नेपालको बागमती प्रदेश समिति उत्कृष्ट प्रदेशको रुपमा छनोट भएको हो । सञ्जालको २६औं वार्षिक साधारण सभा एवम् ११ औं




अधिवेशनको अवसरमा कन्सोर्टियम नेपालको बागमती प्रदेश समितिलाई प्रशंसा पत्र तथा नगद रु. १०,००० साहित उत्कृष्ट प्रदेश समिति पुरस्कार २०८२ बाट सम्मान गरेको हो । उत्कृष्ट प्रदेश समिति सम्मान थाप्ने क्रममा बागमती प्रदेश संयोजक सुजन अधिकारी र बागमती प्रदेश दुर्गाराज पौडेलको उपस्थिति रहेको थियो ।

### ५. कन्सोर्टियम नेपालको २६ औं साधारण सभा तथा ११ औं अधिवेशन सम्पन्न :

३१ अक्टोबर २०२५ - कन्सोर्टियम नेपालले २६ औं साधारण सभा तथा ११ औं अधिवेशन काठमाण्डौंमा सम्पन्न गरेको छ । कार्यक्रममा कन्सोर्टियम-नेपालका पदाधिकारी, सदस्य संस्थाका प्रतिनिधि तथा प्रदेश संयोजकहरूको सक्रिय सहभागिता रहेको थियो ।

साधारण सभामा गणपूरक संख्या पूर्ति भएको पुष्टि सँगै महासचिवको कार्य प्रगति प्रतिवेदन तथा कोषाध्यक्षको आर्थिक प्रतिवेदन प्रस्तुत गरिएको र विस्तृत छलफलपछि सर्वसम्मतिले अनुमोदन गरिएको थियो ।


कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

यसैगरी, कार्यसमितिले यसअघि गरेका निर्णयहरूको अनुमोदन गर्दै आगामी वर्षका कार्यक्रमहरू, रणनीति तथा गतिविधिबारे विस्तृत छलफल गरिएको र संस्था नविकरण सम्बन्धी निर्णयसमेत बैठकबाट पारित गरिएको छ ।





अन्त्यमा धन्यवाद ज्ञापन गर्दै पुरानो कार्यसमिति विघटन गरिएको र अध्यक्ष मण्डललाई अधिवेशनको नेतृत्व हस्तान्तरण गरिएको थियो । निर्वाचन समितिको नेतृत्वमा सम्पन्न निर्वाचनमार्फत कन्सोर्टियम नेपालको नयाँ कार्यसमिति निर्वाचित भएको छ ।

नव निर्वाचित कार्यसमितिमा निम्न पदाधिकारीहरू निर्वाचित भएका छन्:

अध्यक्ष - श्री प्रदिप कुमार लामिछाने<br>
उपाध्यक्ष - श्री अनिता पाण्डे<br>
महासचिव - श्री दुर्गाराज पौडेल<br>
सचिव - श्री निरिजना भट्ट<br>
कोषाध्यक्ष - श्री प्रकाश वसि<br>
सदस्य - श्री अशोक विक्रम जैरु<br>
सदस्य - श्री गंगा गरुङ<br>
सदस्य - श्री सञ्जय कुमार कुशवहा<br>
सदस्य - श्री डिल्ली प्रसाद शर्मा<br>
सदस्य - श्री सुजन अधिकारी<br>
सदस्य - श्री राजु आचार्य<br>
सदस्य - श्री मन्दिरा श्रेष्ठ<br>
सदस्य - कोशी प्रदेश, मनोनीत हुनबाकि



### हार्दिक श्रद्धाञ्जली




### अन्तराष्ट्रिय बालिका दिवको शुभकामना






कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal